प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ३, मकवानपुर, हेटौंडा

## विद्यालयमा ICT अनुदान कार्यक्रम सम्बन्धी सम्झौता पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर (जसलाई यस पछि प्रथम पक्ष भनिने छ) र श्री ............... ............ .......... ............... ............... .............. ......... वार्ड नं. .......... (जसलाई यस पछि दोश्रो पक्ष भनिनेछ) बीच आ.ब. २०७५/०७६ को विद्यालयमा ICT भवन सञ्चालन अनुदान कार्यक्रम अन्तरगत तपसिलका शर्तहरु पालना गर्ने गरी गरिएको सम्झौता–पत्र । यो सम्झौताको अवधि कार्यक्रम तथा नीतिगत रुपमा हेरफेर नभएमा आ.व. २०७५/७६ सम्म कायम रहनेछ ।

प्रथम पक्ष ( शिक्षा विकास निर्देशनालय, प्रदेश नं. ३, मकवानपुर ) ले पालना गर्नुपर्ने शर्तहरु :

१. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम अन्तर्गत विनियोजित रकम रु. १०,००,०००।- (दश लाख) सम्वन्धित विद्यालयलाई निकासा दिनुपर्नेछ ।
२. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम सम्बन्धी कार्य गर्न विनियोजित रकमको ५० प्रतिशत रकम सम्झौता भए पछि र बाँकी ५० प्रतिशत रकम कार्य सम्पन्न भएपछि दोस्रो किस्तामा निकासा दिइनेछ ।
३. प्रथम किस्ता निकासा भएको मितिले ७ (सात) दिन भित्र कार्य प्रारम्भ नभएमा सम्झौता रद्द गरी निकासा भएको रकम फिर्ता/असुल उपर गर्न सकिनेछ ।
४. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम सम्बन्धी स्वीकृत स्पेसिफिकेशन तथा कार्ययोजना वमोजिम कार्य सम्पन्न गर्न गराउन तथा खरिद कार्य प्रचलित ऐन, नियम बमोजिम गर्न गराउन आवश्यक समन्वय, सहयोग र अनुगमन गर्ने ।
५. तोकिएको समयमा विद्यालयमा ICT सञ्चालन सम्बन्धी कार्य सम्पन्न नगरे वा अधुरो रहेमा प्रथम पक्षले प्रचलित नियम कानुन अनुसार दोश्रो पक्षलाई कार्य सम्पन्न गर्न गराउन सचेत गर्नुका साथै आवश्यक कानूनी प्रकृया अगाडि बढाउने र रकम असुल उपर समेत गर्न सकिनेछ ।

दोश्रो पक्ष (विद्यालय) ले पालना गर्नुपर्ने शर्तहरुः

१. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम सम्बन्धी कार्यहरुको खरिद/स्पेसिफिकेसन स्थानीय तहको विशेषज्ञ प्रविधिकहरुबाट स्वीकृत गराइ सो अनुसार तोकिएको समयमा सम्पन्न गर्न गराउन पर्नेछ ।
२. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम सम्पन्न गर्ने क्रममा यस निर्देशनालयबाट निकासा हुने कूल रकम नपुग हुन आएमा सो नपुग रकम व्यवस्थापन गर्ने जिम्मेवारी (जनश्रमदान वा नगद लागत) स्वयम् विद्यालयको हुनेछ ।
३. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम सम्बन्धी स्वीकृत स्पेसिफिकेसन र कार्ययोजना अनुसारका अन्य कार्यहरु कुनै हालतमा पनि विद्यालयको तर्फबाट परिवर्तन गर्न पाइने छैन ।
४. तोकिएको मापदण्ड विपरित वा खटिएका प्राविधिकहरुको निर्देशन र प्राविधिक सुझाव विपरित कार्य गरेमा प्रचलित नियमानुसार वीचैमा प्रथम पक्षले सम्झौता रद्ध समेत गर्न सक्नेछ ।
५. सामाजिक विकास मन्त्रालय, निर्देशनालय, सम्वन्धित स्थानीय तह र अन्य सरोकारवाला कार्यालयहरुबाट समेत अनुगमन/निरीक्षण हुनसक्ने हुँदा विद्यालयले सो कार्यको अभिलेख अध्यावधिक राख्ने र उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।
६. विद्यालयमा ICT सञ्चालन अनुदान कार्यक्रम सम्बन्धी कार्य सम्पन्न भएको वि.व्य.स.को निर्णय तथा आम्दानी खर्चका विवरण (बील भर्पाई) हरुको सक्कल प्रति र अन्य कागजातहरु सहितको प्रतिवेदन प्रथम पक्ष समक्ष अनिवार्य पेश गर्नुपर्नेछ ।
७. नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी भएका सार्वजनिक निर्माण तथा खरिद सम्बन्धी प्रचलित ऐन नियम (सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४) तथा कार्यविधि अनुसार गर्नु गराउनु पर्नेछ ।
८. कार्य सम्पन्न भईसकेपछि सो सम्बन्धी सामाग्रीहरुको उपयोग तथा सोको रेखदेख र उचित मर्मत संभार गर्ने कार्य समेत स्वत विद्यालयको नै हुनेछ ।

८क. ICT व्यवस्थापनका लागि फर्निचर लगायत अनय सामान खरिदकालागि स्थानीय तहको प्राविधिकबाट ल.ई.तयार गरी स्वीकृत ल.इ. अनुसारको प्राविधिक कार्य सम्पन्नको प्रतिवेदन सहित पेश गर्नु पर्नेछ ।

९. पेश गरिएको कार्ययोजना अनुसार आ.व. २०७५/०७६ भित्र अनिवार्य रुपमा कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

९.क. कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्दा यसैसाथ संलग्न विवरण अनुसारको कागजात पेश गर्नु पर्नेछ ।